बैठक संख्याः २१।२०८०
बैठक मितिः २०८०।०८।०७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : योजना संसोधन सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : शिवचोक पर्शागाछी बाटो कालोपत्रे सम्बन्धमा |
३. प्रस्ताव नं. ३ : स्वास्थ्य चौकी भवन निर्माणको जग्गा सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : इलाका प्रहरी कार्यालय स्थापनाको स्वीकृति सम्बन्धमा।
५. प्रस्ताव नं. ५ : कारागार कार्यालय प्रवेशद्वारमा ग्राभेल गर्ने सम्बन्धमा |
६. प्रस्ताव नं. ६ : वडा नं. ६,बक्लौरी स्वास्थ्य चौकी निर्माण सम्बन्धमा |
७. प्रस्ताव नं. ७ : ENSSURE परियोजनाको तालिम विषय छनौट सम्बन्धमा |
८. प्रस्ताव नं. ८ : प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा राय सुझाव सम्बन्धमा |
९. प्रस्ताव नं. ९ : छठ पुजा सहयोग सम्बन्धमा |
१०. प्रस्ताव नं. १० : ९ नं. वडा मचैंया तिनटोलिया मुसहरीको दिनाभद्री मन्दिरको घेरबेरा सम्बन्धमा|
११. प्रस्ताव नं. ११ : रामधुनी मूल गेट प्रवेशद्वार रंगरोगन सम्बन्धमा |
१२. प्रस्ताव नं. १२ : झुम्का बजारमा सि.सि. क्यामेरा जडान सम्बन्धमा |
१३. प्रस्ताव नं. १३ : वडा नं. ८ र ९ को सिमानामा शित भण्डार निर्माण सम्बन्धमा |
१४. प्रस्ताव नं. १४ : श्री डिग्री निर्माण सेवा इनरुवा -३, सुनसरीको म्याद थप सम्बन्धमा |
१५. प्रस्ताव नं. १५ : वडा नं. २ आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको जग्गा सम्बन्धमा |
१६. प्रस्ताव नं. १६ : क्षेत्रीय कारागार, झुम्का, सुनसरी कम्पाउन्ड भित्र खाल्ड खुल्डी पुर्ने सम्बन्धमा|
१७. प्रस्ताव नं. १७ : म्याद थप सम्बन्धमा |
१८. प्रस्ताव नं. १८ : आर्थिक सहायता सम्बन्धमा |

**निर्णयहरु :**

**निर्णय नं. १**

रामधुनी नगरपालिका, १ नं. वडा कार्यालयको च.नं. २०६ मिति २०८०|०७|१७ गतेको पत्रबाट अनुरोध भई आए बमोजिम चालु आ.व २०८०|०८१ को नगरसभाबाट पारित निम्न नगरस्तरीय योजनालाई तपसिल बमोजिम संसोधन गरी कार्यान्वयन गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो|

**तपसिल**

| योजनाको नाम | विनियोजित बजेट | संसोधन गरी हुनुपर्ने योजना | विनियोजित बजेट |
|---|---|---|---|
| बाटो मर्मत वडा नं. १ प्रगति टोल, प्रशन्न टोल | ६,००,००० | बाटो मर्मत प्रगति टोल वडा नं. १ | ३,००,००० |
| | | बाटो मर्मत प्रशन्न टोल वडा नं. १ | ३,००,००० |

**निर्णय नं. २**

रामधुनी नगरपालिका वडा नं. ५ शिवचोक पर्शागाछी बाटो निर्माणको लागि नगरस्तरीय बजेट रु.२०,००,०००|- (बीस लाख) बिनियोजन भएकोमा उक्त सडक वडा नं. २ को सिमाना सम्म जोड्नको लागि थप बजेट रु.१६,००,०००|- (सोह्र लाख) आवश्यक पर्ने भनि प्राविधिकहरुबाट राय प्राप्त भएकोले उक्त थप गर्नुपर्ने रकम चालु आ.व २०८०|०८१ को लागि समपुरक कोषमा विनियोजित बजेट मध्येबाट बिनियोजन गरी जम्मा रु.३६,००,०००|- (छत्तिस लाख) बजेटबाट बोलपत्र मार्फत शिवचोक पर्शागाछी बाटो कालोपत्रे गर्ने निर्णय गरियो |

**निर्णय नं. ३**

रामधुनी नगरपालिका वडा नं. ३ स्थित सिंगिया स्वास्थ्य चौकी निर्माणको लागि आ.व. २०८०|०८१ मा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बजेट रु.८०,००,०००|- (असी लाख) बिनियोजन भएकोमा उक्त स्वास्थ्य चौकी निर्माण गर्नको लागि नगरपालिकाको नाममा उपयुक्त स्थानमा निशुल्क जग्गा प्राप्तीको लागि पहल गर्न मिति २०८०|०७|१७ गतेको कार्यपालिका बैठकबाट नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको संयोजकत्वमा समिति गठन गरिएकोमा उक्त समितिको सुझाव बमोजिम ३ नं. वडा कार्यालय रहेको स्थानबाट करिब ५०० मि. को आसपासमा नगरपालिकाको नाममा न्युनतम ३ (तीन) कट्ठा जग्गा निशुल्क उपलब्ध गराउन सम्बन्धित जग्गाधनीहरुको जानकारीको लागि स्थानीय पत्रिका एवं नगरपालिकाको website , नगर कार्यपालिकाको कार्यालय र ३ नं. वडा कार्यालयमा ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो |

**निर्णय नं. ४**

रामधुनी नगरपालिका अन्तर्गत वडा नं. ५ मा हाल प्रस्तावित इलाका प्रहरी कार्यालय, रामधुनी (क) सुनसरी मोरंग सिंचाई आयोजनाको कार्यालय परिसरमा संचालन भई रहेको र रामधुनी नगरपालिका वडा नं. ६ को कित्ता नं. २३४, २३८, २४०, २३६ को ज.वि. ०-५-० इलाका प्रहरी कार्यालय रामधुनीको नाममा रहेकोले उक्त प्रस्तावित इलाका प्रहरी कार्यालय, रामधुनी (क) लाई स्थायी प्रहरी कार्यालयको रुपमा स्थापनाको स्वीकृतिका लागि श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी मार्फत नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंमा अनुरोध गरी पठाउने निर्णय गरियो |

**निर्णय नं. ५**

कारागार कार्यालय, झुम्का, सुनसरीको च.नं.११०१ मिति २०८०|०७|१७ गतेको पत्रबाट अनुरोध भई आए बमोजिम सो कार्यालय परिसर प्रवेश गर्ने गेटभित्रको बाटोमा प्राविधिक लागत अनुमान

बमोजिमको चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट मध्येबाट रु. १,००,०००|- बिनियोजन गरी उक्त निर्माण कार्य गर्ने निर्णय गरियो |

**निर्णय नं. ६**

आ.व. ०७७|०७८ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत रामधुनी नगरपालिका वडा नं.-६,बक्लौरी स्वास्थ्य चौकी स्तरोन्नतीका लागि १५ शैय्याको प्राथमिक अस्पताल निर्माण गर्ने कार्यका लागि मिति २०७८|०१|३० गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा ठेक्का नं. RMY/NCB/BUILDING/07-077/078 (Construction of Primary Hospital (15-Bed) at Ramdhuni Ward-6) को लागि बोलपत्र आव्हानको सूचना प्रकाशित भई मिति २०७८|०७|०१ गते श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भी.,बिराटनगर मोरंगसँग रकम रु.१०,४१,००,४१०|८२ पैसा (दश करोड एकचालीस लाख चार सय दश रुपैया बेरासी पैसा) मू.अ.कर र पी.एस. समेतमा मिति २०८०|०३|१० भित्र कार्य सम्पन्न हुने गरी ठेक्का सम्झौता भएकोमा कार्य प्रगति सन्तोषजनक नभएको र कार्यालयबाट पटक पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत उक्त निर्माण व्यवसायीको तर्फबाट उक्त योजनाको अख्तियारनामा प्राप्त श्री भुमि इन्फ्रास्ट्रकचर प्रा.लि.का प्रबन्धक श्री भावेश बोहरा सम्पर्कमा नआई उक्त योजना अलपत्र पारेकोले सो योजना निर्माणको सम्बन्धमा, के कसरी आगाडी बढ्न सकिन्छ ? हालको दररेटमा सो योजनाको निर्माण कार्य सम्पन्न गर्न के कति लागत लाग्दछ? उक्त योजनसंग सम्बन्धित फायल कागजात एवं स्थलगत अध्ययन गरी प्राविधिक पक्ष एवं कानूनी आधार समेत खुलाई ७ (सात) दिन भित्र प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो |

**प्राविधिक एवं कानूनी सुझाव समिति**

१. इन्जिनियर , श्री रजत अग्रवाल - संयोजक
२. लेखा अधिकृत , श्री बिरेन्द्र सिग्देल - सदस्य
३. कानूनी सल्लाहकार , श्री प्रदिप काफ्ले - सदस्य
४. सब-इन्जिनियर , श्री प्रविन साह - सदस्य
५. सहायक पाँचौ, श्री सुनिल कुमार चौधरी - सदस्य सचिव

**निर्णय नं. ७**

रामधुनी नगरपालिकामा संचालित ENSSURE परियोजनाको सम्बन्धमा मिति २०८०|०७|०३ गते बसेको सरोकारवालाहरु बिचको समन्वय अन्तरक्रियाबाट १० महिने कार्यगत अभ्यास सहितको तालिमका लागि छनौट भएका विषयहरु काष्टकला (wood carving) र कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किंग टेक्निसियन (Computer Hardware and Networking Technician) मध्ये काष्टकला (wood carving) तालिमका लागि तालिम प्रदायक संस्था उपलब्ध हुन कठिन हुने भन्ने बुझिएकोले सो को सट्टामा Professional A.C. / Refrigerator Mechanic विषय छनौट गर्ने निर्णय गरियो |

**निर्णय नं. ८**

वातावरण तथा प्राविधिक परामर्श नेपाल, इटहरी, सुनसरी को च.नं. १८ मिति २०८०|०७|२४ गतेको पत्रबाट रामधुनी नगरपालिका वडा नं. ०७ मा संचालनमा रहेको श्री जय शम्भु फुड इन्डस्ट्रिजको स्तरोन्नति गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी शिलशिलामा रामधुनी नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ९१७ मिति २०८०|०७|२३ गतेको पत्र समेत संलग्न राखी राय सुझाव सहितको सिफारिस उपलब्ध गराई दिनु हुन अनुरोध भई आएकोले ७ नं. वडा कार्यालयको पत्र समेतलाई आधार मानी सम्बन्धित निकायमा राय सुझाव सहित सिफारिस उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं. ९**

छठ माता सेवा समिति, रामधुनी न.पा. वडा नं. ५ को च.नं. १५ मिति २०८०|०७|२३ गतेको पत्रबाट छठ पुजा तथा संस्कृतिक कार्यक्रम संचालनको लागि आर्थिक सहायता उपलब्ध गराईदिन अनुरोध भई आएकोमा उक्त समितिलाई चालु आ.व. २०८०|०८१ को आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.१,००,०००|- (एक लाख) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं. १०**

रामधुनी नगरपालिका, ९ नं. वडा कार्यालयको च.नं. ४४६ मिति २०८०|०७|२४ को पत्रबाट सोहि वडाको मचैंया तिनटोलिया मुसहरीमा रहेको दिनाभद्री मन्दिरको घेरबेरा गर्न अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ६३,०००|- (त्रिसठी  हजार) बिनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो |

बैठक संख्याः २१।२०८०
बैठक मितिः २०८०।०८।०७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ११**

रामधुनी नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं. ९७५ मिति २०८०|०८|०५ को पत्रबाट सोहि वडामा रहेको रामधुनी मूल गेट प्रवेशद्वार रंगरोगन गरिदिन अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट मध्येबाट बिनियोजन गरी प्राविधिक लागत अनुमान अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो |

**निर्णय नं. १२**

उद्योग वाणिज्य संघ, झुम्का, सुनसरीको च.नं. ३७ मिति २०८०|०७|१५ को पत्रबाट झुम्का बजारमा हुने सम्भावित घटनाहरुलाई निगरानी गर्न सि.सि. क्यामेरा जडानका लागि अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को पालिका भरीका बजार व्यवस्थापन शिर्षकमा विनियोजित बजेट मध्येबाट रु. १,५०,०००|- (एक लाख पचास हजार) बजेट बिनियोजन गरी नयाँ सि.सि. क्यामेरा खरिद तथा उद्योग वाणिज्य संघसंग रहेको पुराना क्यामेराहरु मर्मत समेत गरी झुम्का बजारमा सि.सि. क्यामेरा जडान गरी संचालन गर्ने निर्णय गरियो |

**निर्णय नं. १३**

रामधुनी नगरपालिका, ८ र ९ नं. वडा कार्यालयको क्रमशः च.नं. ५३९, ४८२ मिति २०८०|०८|०७ को पत्रबाट वडा नं. ८ र ९ को सिमानामा शित भण्डार निर्माण गरिदिन अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को लागि नेपाल सरकारबाट हस्तान्तरित शशर्त अनुदान चालु बजेटतर्फ रु. २९,७५,०००|- (उन्नतिस लाख पचहत्तर हजार) बिनियोजन भई प्राप्त हुन आएकोले रामधुनी नगरपालिका, ८ र ९ नं वडाको सिमना हटिया टोलमा शित भण्डार निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरियो |

**निर्णय नं. १४**

रामधुनी नगरपालिकाको आ.व. ०७९|०८० मा (ठेक्का नं. RMY/NCB/ROAD/03/079/080) Baithar Pipra bat pani tanki hudai mulbatokaalopatre,Ramdhuni-3 योजना निर्माण कार्यका लागि श्री डिग्री निर्माण सेवा इनरुवा -३, सुनसरीसँग मिति २०७९|०९|०१ मा भएको सम्झौता बमोजिम उक्त निर्माण सेवाले गरेको कार्यको त्रुटी सच्याउन म्याद थपको लागि कार्यसम्पादन जमानतको बैंक ग्यारेन्टी र बिमाको म्याद थप गरी पेश गरेको हुनाले निजको माग बमोजिम म्याद थप गर्ने निर्णय गरियो |

**बैठक संख्याः २१।२०८०**
**बैठक मितिः २०८०।०८।०७, समयः दिनको २:०० बजे**
**स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल**

**<u>निर्णय नं. १५</u>**

रामधुनी नगरपालिका, वडा नं. २ मा संचालनमा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको लागि जग्गादाता रामधुनी नगरपालिका, वडा नं. २ निवासी श्री कृष्ण कुमार चौधरीको नाममा दर्ता कायम रहेको साविक सिंगिया ४ (ग) हाल रामधुनी न. पा. २ को कित्ता नं. ५१८ को ज.वि. ०-६-६.७५ मध्ये दक्षिण पूर्ततर्फबाट ०-१-१८.५ दिन मन्जुर भई निज कृष्ण कुमार चौधरीले आधारभूत स्वास्थ्य सेवा केन्द्रको नाममा मञ्जुरीनामा समेत पेश गरेको हुँदा सो जग्गा पास गर्नको लागि मालपोत कार्यालय, इनरुवा, सुनसरीलाई सिफारिस गरी सो पास गर्नको लागि राजिष्ट्रेसन शुल्क समेत छुटको लागि सिफारिस गर्ने निर्णय गरियो | साथै, उक्त जग्गा आधारभूत स्वास्थ्य सेवा केन्द्रको नाममा पास गर्न वडा नं. २ का वडाध्यक्ष श्री राम नारायण चौधरीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो |

**<u>निर्णय नं. १६</u>**

रामधुनी नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं. १००५ मिति २०८०|०८|०७ को पत्रबाट वडा नं. ५ मा रहेको क्षेत्रीय कारागार, झुम्का, सुनसरी कम्पाउन्ड भित्र खाल्ड खुल्डी पुर्दा भएको खर्च रु. ३२,०३५|- (बतीस हजार पैतिस) भुक्तानीका लागि अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित बजेट मध्येबाट बिनियोजन गरी सो रकम भुक्तानी गर्ने निर्णय गरियो |

**<u>निर्णय नं. १७</u>**

पशु चिकित्सक श्री विशाल चौधरी र कार्यालय सहयोगी श्री लक्ष्मी मेहताको सेवा करार सम्झौताको म्याद २०८० असोज मसान्तमा समाप्त भएकोले २०८० पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो |

बैठक संख्याः २१।२०८०
बैठक मितिः २०८०।०८।०७, समयः दिनको २:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १८**

निम्न बमोजिमको व्यक्ति एवं संस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी | शिर्षक |
|---|---|---|---|---|---|
| १ | सुरेश विश्वकर्मा / वडा नं. १ | उपचार सहयोग | ६४१/२०८०|०७|२२ | | सम्बन्धित वडाको बजेट |
| २ | इलाका प्रहरी कार्यालय, पकली, सुनसरी | मौलो पुजा | ८०२/२०८०|०७|०२ | रु.१०,०००|- | |
| ३ | जेसिका कार्की/ वडा नं. ५ | मिर्गौला डाइलासिस | ९३६/२०८०|०८|०६ | रु.५,०००|- | सम्बन्धित वडाको बजेट |